गाउँ कार्यपालिकाको
मिति:- २०८१/०९/१५
(बैठक संख्या:- ०७-२०८१/०८२)

आज मिति २०८१ साल पौष १५ गते तदनुसार नेपाल संवत ११४५, थिंलागा, आम्मै सोमबारका दिन बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव उपर छलफल गरि निर्णय गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री लोक राज खत्री | सदस्य सचिव |
| श्री शेर बहादुर चलाउने | का. बा. वडाध्यक्ष |
| श्री राम बहादुर मल्ल | शिक्षा अधिकृत |
| श्री खगेन्द्र बहादुर बोहरा | रोजगार संयोजक |
| श्री खिम बहादुर रोकाया | सूचना प्रविधि शाखा |

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०७-२०८१/०८२)

**प्रस्तावहरुः**

१. कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. अध्यक्ष ज्यूको विदेश भ्रमण स्वीकृत सम्वन्धमा।
३. आ.व. २०८१/०८२ को हिउँदे विद्यायन सभा अह्वान सम्वन्धमा।
४. कार्यविधि स्वीकृत सम्वन्धमा।
५. पदस्थापना सहमति सम्बन्धमा।
६. बाढिपिडीतहरुको लागि अनुदान रकम माग सम्बन्धमा।
७. डुवान क्षेत्रभित्रका निजी आवासहरुको मुआब्जा सम्बन्धमा।
८. बर्थिङ्ग सेन्टर सूचिकृत सम्बन्धमा।
९. सुरक्षित गर्भपतन सेवा सूचिकृत सम्बन्धमा।
१०. बारेकोट गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमा।
११. विधुतीय हाजिरी (E-Attendance) लागु गर्ने सम्बन्धमा।
१२. सरुवा सहमति सम्बन्धमा।
१३. डिपिआर प्रतिवेदन अनुमोदन सम्बन्धमा।
१४. उपचार खर्च सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

युएनडिपी एसिया प्यासिफिक क्षेत्रीय कार्यालयद्वारा सन् २०२५ जनवरी १४ देखि १५ तारिखसम्म बैंककमा आयोजना हुने 'लचिलोपन निर्माणको लागि विकास कार्यक्रममा मानव सुरक्षाको एकीकरण' शीर्षकमा मानव सुरक्षा सम्बन्धी क्षेत्रीय परियोजनाको स्थापना तथा योजना कार्यदलमा बारेकोट गाउँपालिका अध्यक्ष ज्यूलाई निमन्त्रणा भएकोले उहाँको अन्तर्राष्ट्रिय भ्रमण सफलताको शुभकामना सहित भ्रमण स्वीकृत गर्ने।

बारेकोट गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मितिः- २०८१/०९/१५

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०७-२०८१/०८२)

**निर्णय नं. ३**

कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ को उपदफा (१) बमोजिम बारेकोट गाउँपालिकाको विधायन सभा मिति २०८१।०९।२२ गतेका दिन आव्हान गर्ने।

**निर्णय नं. ४**

बारेकोट गाउँपालिकालाई अति आवश्यक रहेका तपसिल बमोजिमका कार्यविधि र निर्देशिकाहरुको मस्यौदा उपर विषयगत समिति तथा सरोकारवालाहरुबीच छलफल भई निर्णय भएकोले देहायका कार्यविधि र निर्देशिकाहरु स्वीकृत गर्ने।

१. पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
२. वातावरणमैत्री स्थानीय उद्यम व्यवसाय सञ्चालन निर्देशिका, २०८१
३. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१
४. बारेकोट गाउँपालिकाको राहत मापदण्ड, २०८१
५. स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०८१
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (पहिलो संशोधन), २०८१
७. मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०८१

**निर्णय नं. ५**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय र स्थानीय तहको दोहोरो सहमतिमा यस गाउँपालिकामा रिक्त रहेका पदहरुमा कामकाजको लागि सरुवा भई आएका कर्मचारीहरुले पदाधिकार रहेका स्थानीय तहबाट गाउँ कार्यपालिकाको पदस्थापनाको लागि सहमति निर्णय पेश गरेकोले कर्णाली प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ को उपदफा (२) को प्रयोजनार्थ प्राप्त निवेदन अनुसार तपसिल बमोजिमका कर्मचारीहरुलाई हाल कामकाज गरि रहेको पद, सेवा, समूह, उपसमूहमा पदस्थापना गर्ने,

**तपसिल**

| क्र. सं. | कर्मचारीको नामथर | संकेत नं. | पद/तह | सेवा/समूह | यस अघि पदाधिकार रहेको स्थानीय तह |
|---|---|---|---|---|---|
| १. | खिम बहादुर | २४१८२६ | कम्प्युटर | विविध | पातारासी गाउँपालिका, |



(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका

मितिः- २०८१/०९/१५

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०७-२०८१/०८२)

| | | | | | |
|---|---|---|---|---|---|
| | रोकाया | | अपरेटर, पाँचौ | | जुम्ला |
| २. | घमण्ड गिरी | २४२०४३ | सहायक चौथो | प्रशासन, सामान्य प्रशासन | गैडाकोट नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) |
| ३. | टिकाराज न्यौपाने | २४०१४२ | खा.पा.स.टे. | इन्जिनियरिङ, सिभिल/स्यानिटरी | मानेभान्ज्याङ गाउँपालिका, ओखलढुङ्गा |
| ४. | हिमाल पुन | २४१९६२ | असिष्टेन्ट सब इन्जिनियर | इन्जिनियरिङ, सिभिल | लुङग्री गाउँपालिका, रोल्पा |
| ५. | देवेन्द्र शाही | २४०७८० | अमिन | इन्जिनियरिङ, सर्भे | हरिपुर नगरपालिका सर्लाही |

**निर्णय नं. ६**

मिति २०७७ साल अषाढ २५ गतेको मनसुन जन्य विपद् (बाढीपहिरो) प्रभावित विभिन्न वडाका ७१ घरधुरीहरुलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट पुनर्निर्माणको लागि अनुदान रकम उपलब्ध गराउनुपर्नेमा हाल सङ्घीय सरकार र बारेकोट गाउँपालिकाबाट अनुदान रकम जिल्ला प्रशासन कार्यालय जाजरकोटमा जम्मा भैसकेको र प्रदेश सरकारबाट उपलब्ध हुने कुल अनुदानको ३० प्रतिशत रकम हाल सम्म जम्मा नभएकोले उक्त रकमको लागि कर्णाली प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

**निर्णय नं. ७**

नलगाड हाइड्रो पावरको ड्यामले अधिकरण गरेको क्षेत्र भित्रका निजी आवासहरुको मुआब्जा यथाशिघ्र वितरणका लागि सङ्घीय सरकार समक्ष अनुरोध गर्ने सरोकारवाला निकायहरुसँग कार्य व्यवस्थापन गर्नको लागि पहल गर्ने।

**निर्णय नं. ८**

बारेकोट गाउँपालिका वडा नं. ३ पहाडा मुल्साममा रहेको आधारभूत स्वास्थ्य केन्द्रबाट सेवा लिने क्षेत्रमा घरमा सुत्केरी हुने दर पालिकाको सबै भन्दा बढी रहेको र नवशिशु मृत्युदर उच्च रहेकोले आवश्यक मापदण्ड पुरा गरि प्रसुती सेवा केन्द्र (बर्थिङ्ग सेन्टर) को रुपमा सूचिकृत गर्ने।

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८१/०९/१५

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०७-२०८१/०८२)

**निर्णय नं. ९**

बारेकोट गाउँपालिका भित्रका प्रजनन उमेरका महिलाहरुले अवैधानिक रुपमा निजी क्लिनिकहरुबाट असुरक्षित गर्भपतन गराउने हुँदा नेपाल सरका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी सुरक्षित गर्भपतन कार्यविधि, २०७८ बमोजिम तपसिलका स्वास्थ्य संस्थाहरुलाई सुरक्षित गर्भपतन सेवा केन्द्रको रुपमा सूचिकृत गर्ने।

१. आधारभूत अस्पताल, लिम्सा।
२. स्वास्थ्य चौकी नायकवाडा।
३. स्वास्थ्य चौकी सक्ला, सेपुखोला।

**निर्णय नं. १०**

बारेकोट गाउँपालिका भित्रका प्रजनन उमेरका महिलाहरुले अवैधानिक रुपमा निजी क्लिनिकहरुबाट असुरक्षित गर्भपतन गराउने हुँदा नेपाल सरका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी सुरक्षित

**निर्णय नं. ११**

बारेकोट गाउँपालिकाका शाखा कार्यालयहरू, शैक्षिक संस्था, र स्वास्थ्य संस्थाहरुमा कार्य सम्पादनको प्रभावकारिता बढाउन, समय व्यवस्थापन सुनिश्चित गर्न, र उपस्थिति सम्बन्धी डेटा व्यवस्थापनलाई डिजिटल प्रणालीमा लैजान विधुतीय हाजिरी प्रणाली (E-Attendance) लागू गर्नु अत्यन्त आवश्यक देखिएकोले पहिलो चरणमा मिति २०८१ साल माघ २० गते देखि लागु हुने गरि तपसिलका शाखा तथा कार्यालयहरुमा विधुतीय हाजिरी प्रणाली (E-Attendance) प्रणाली जडान गर्ने।

**तपसिल**

१. बारेकोट गाउँपालिका भित्रका ८ वटा माध्यमिक विद्यालय सबै,
२. स्वास्थ्य संस्थाहरु रामीडाँडा स्वास्थ्यचौकी, सिलिङ्गिचौर स्वास्थ्यचौकी, स्वास्थ्यचौकी सक्ला सेपुखोला,
३. कृषि विकास शाखा, पशु सेवा शाखा, पशु सेवा केन्द्र सेपुखोला।

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०७-२०८१/०८२)

**निर्णय नं. १२**

एक गा.वि.स. एक कृषि प्राविधिक (OVOT) कार्यक्रम अन्तरगत बारेकोट गाउँपालिकाको कृषि विकास शाखामा नायव प्राविधिक सहायक पदमा कार्यरत श्री डम्बर बहादुर क्षेत्रीले यस कार्यालयमा दिएको निवेदन अनुसार नलगाड नगरपालिका जाजरकोटको प.सं. ०८१/०८२ च.नं. १०१९ र मिति २०८१।०९।०८ गतेको सरुवा सहमति पत्र समेत प्राप्त भएकोले निजलाई सरुवा सहमति दिने।

**निर्णय नं. १३**

यस कार्यालयबाट कार्यादेश लिई तपसिलमा उल्लिखित आयोजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन (DPR) कार्य सम्पन्न गरी पेश भएकोले उक्त प्रतिवेदन अनुमोदन गर्ने र भुक्तानीका लागि कार्यालयलाई निर्देशन गर्ने।

तपसिल

१. नौमुली पर्यटकीय पार्क वडा नं. १, रामीडाँडा।
२. छेडा-सिर्पाचौर-कैलाशी सडक खण्ड वडा नं. १।

**निर्णय नं. १४**

बारेकोट गाउँपालिका वडा नं. ८ र नलगाड नगरपालिका वडा नं. ५ जोड्ने कालिमाटी लिम्सा सडक खण्ड अन्तर्गत खारा खोलामा अस्थायी मोटरेबल पुन निर्माणको लागि काठ काट्ने क्रममा खुट्टामा चोट लागि सख्त घाइते भएका बारेकोट गाउँपालिका वडा नं. ८ लैखम निवासी दल बहादुर सिंहको थप उपचारको लागि आर्थिक वर्ष २०८१/०८२ को विनियोजित आकस्मिक उपचार कोषबाट खर्च लेख्ने गरि रु. १०००००।- (अक्षरुपी एकलाख रुपैया मात्र) निजलाई सहयोग स्वरुप उपचार खर्च भुक्तानी दिने।

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत